A Quarterly Publication of Press Council Nepal

# संहिता
SAMHITA

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
असार, २०७८ । अङ्क ५३

स्वच्छ, स्वस्थ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री
प्रेस काउन्सिल नेपाल

**प्रधान सम्पादक**
बालकृष्ण बस्नेत

**सम्पादन मण्डल**
गोपाल बुढाथोकी
झबिन्द्र भुसाल
दीपक खनाल

**सम्पादन सहयोगी**
लक्ष्मी पौडेल

**तस्बिर**
विपुल पाण्डे

**आवरण/ले-आउट**
शिव वि.क (मिलन)

प्रकाशक : प्रेस काउन्सिल नेपाल
पो.ब.न.: ३०७७, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ, नेपाल
फोन : ९७७-१-४११२७९९, ४११२६७८
इमेल : pcn2027writing@gmail.com
वेबसाइट : www.presscouncilnepal.gov.np
मुद्रण : रोल्वालिङ अफसेट प्रेस काठमाडौँ

# विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| | सम्पादकीय : | |
| १) | डिजिटल मिडिया र महिला हिंसा - डा. कुन्दन अर्याल | १ |
| २) | सञ्चारग्रामको रमाइलो इतिहासमा रुमलिँदा - डा. युवराज पाण्डे | १५ |
| ३) | राज्य सञ्चालनमा आमसञ्चारको भूमिका - हरिप्रसाद बस्याल | २२ |
| ४) | नेपाली पत्रकारिता र दासयुग तर्फको यात्रा - तीर्थ कोइराला | २८ |
| ५) | कामकाजी व्यक्तिका लागि 'राइट टु डिस्कनेक्ट' - लक्ष्मीविलास कोइराला | ३४ |
| ६) | प्रेसको विश्वव्यापी सूचकाङ्क र न्यु मिडियाको चुनौती - रोसन पुरी | ४० |
| ७) | परम्परागत पत्रकारितामाथि चुनौती - कपिल काफ्ले | ४९ |
| ८) | समाचार लेखनमा हुने अक्षम्य गल्ती - मोदनाथ ढकाल | ५५ |
| ९) | संसदीय रिपोर्टिङ र आचारसंहिता पालना - हरि लम्साल | ६३ |
| १०) | थारु भाषाको पत्रकारिताः अवस्था र चुनौती - शरद अधिकारी | ६८ |
| ११) | पत्रकार-प्रवृत्ति र अर्थ राजनीति - प्रकृति अधिकारी | ७४ |
| १२) | डिजिटल पत्रकारिता र सुरक्षाको अहम् प्रश्न - कमलदेव भट्टराई | ७९ |
| १३) | दुर्गममा पत्रकारिताका कथा-व्यथा - विष्णुलाल बुढा | ८७ |
| १४) | निर्वाचनमा आमसञ्चार माध्यमः सतर्क र संयम - झबिन्द्र भुसाल | ९१ |
| १५) | पत्रकारितासँगै पार्टी-राजनीति ! - दीपक खनाल | १०० |
| १६) | काउन्सिलले सरकारभन्दा नागरिकको हितमा काम गर्नुपर्छ - नूतन थपलिया | १०४ |

१७) युट्युब र पत्रकारिता: गुण र दोष - यम विरही ११२
१८) संसदीय सूचनाको इतिहास र महत्व - लक्की चौधरी १२१
१९) सूचना र सञ्चारको भूमिका: हिजो र आज - विश्वबन्धु भण्डारी १२८
२०) मिडिया साक्षरता र हाम्रा अभ्यास - प्रेम पुन्थोकी १३१
२१) आर्थिक पत्रकारिता र अर्थव्यवस्था - उद्धव सिलवाल १३७
२२) गल्ती एउटाको बदनाम कसको ? - वसन्त आचार्य १४२
२३) गोपनीयताको हक, प्रेस स्वतन्त्रता र पत्रकार - प्रेमराज सिलवाल १४८
२४) पुस्तकालयविहीन मिडिया, नपढ्ने पत्रकार ! - विराट अनुपम १५५
२५) पत्रकार महिलालाई सूचनै पाउन गाह्रो - संगीता पनेरु १५९
२६) मिडियाप्रति मुनादी दृष्टिकोण - आनन्दराम पौडेल १६३
२७) कथ्य निर्माण र मिडिया - राकेशप्रसाद चौधरी १६७
२८) एमसीसी, राजनीति र युट्युबको 'मिडिया ट्रायल' - विशाल पौडेल १७१
२९) यौनजन्य हिंसादेखि पदीय विभेदसम्म - रेजिना गौतम १७८
३०) जन्माउन सजिलो, टिकाउन गाह्रो - मेगराज खड्का १८५
३१) गोपनीयताको हक र आत्मसम्मानको सवाल - सरिता दाहाल १९३
३२) टेलिभिजन पत्रकारिता: नवप्रवेशीलाई 'टिप्स' - प्रताप दुलाल १९८

# सम्पादकीय

## सामाजिक सञ्जालको व्यवस्थापन

सामाजिक सञ्जालको व्यापक प्रयोगले पत्रकारिता क्षेत्रमा नयाँ नयाँ बहस ल्याएको छ । समाचार, विचार र विश्लेषणसमेत सञ्जालमार्फत छरपष्ट हुँदा पत्रकारिताजगत् तरङ्गित बनेको हो । यसको प्रत्यक्ष मार छापामाध्यमलाई त परेको छ नै, अनलाइनसहित अन्य माध्यमको विश्वसनीयता, स्थायित्व र विकासमा समेत असर परेको छ । समाचार कहाँ र कसरी आयो भन्नेतिर होइन, प्रयोगकर्ता समाचार के आयो भन्नेतिर बढी केन्द्रित भएको पाइन्छ । प्रयोगकर्ताले कुनै माध्यम वा सञ्चार माध्यम कुनमा आएको समाचार हो भनी पर्याप्त नखोजिदिँदा त्यसको प्रभाव पत्रकारिताजगत्मा परेको हो । निश्चय नै यसले पत्रकारको नियमित भूमिका, दायित्व र जिम्मेवारीसमेत बढाएको छ । छापामाध्यमले त आफ्नो स्थायित्वको लागि समाचारसहितका सामग्रीलाई झन् खोजमूलक र भिन्न प्रस्तुतिको बनाउनुपर्ने देखिन्छ ।

युट्युब, फेसबुक, ट्वीटर, टिकटकसहितका सामाजिक सञ्जालको प्रयोग आफैँमा समस्या होइन । यसको गलत प्रयोग चाहिँ समस्या हो । सञ्जाललाई गलत तरिकाले सञ्चार माध्यमको रूप दिने, तथ्यभन्दा बाहिर गई सूचना तथा समाचार सम्प्रेषण गर्दा समाजमा भ्रम फैलन जान्छ । सञ्जालबाट फैलिएका भ्रामक र तथ्यहीन सूचनाले सञ्चारका अन्य माध्यमहरूलाई अप्ठेरो बनाइरहेको छ । प्रयोगकर्ताले यस्ता माध्यमलाई सञ्चार माध्यम जसरी प्रयोग गर्ने र आम मानिसले ती माध्यमलाई सञ्चार माध्यमका रूपमा बुझिदिँदा अन्योल सिर्जना भएको हो । अहिले यो समस्या दिनप्रतिदिन बढ्दै गएको छ । गलत, तथ्यहीन, भ्रामक र गालीबेइज्जतीपूर्ण सामग्री कुनै पनि माध्यमबाट दिइनुहुँदैन । इन्टरनेट प्लेटफर्मबाट चल्ने सञ्जालबाट झन् हुँदैन । यसको प्रयोग पूर्व सम्बन्धित विषय सही भए, नभएको, व्यक्ति र समाजलाई हानी, नोक्सानी पुग्ने, नपुग्नेतर्फ विशेष ख्याल गर्नुपर्छ । व्यक्तिको इज्जत, प्रतिष्ठामाथि आँच पुऱ्याउने, मानमर्दन हुने, सामाजिक र पारिवारिक कलह, द्वेष र हिंसा बढाउने खालका सामग्री कुनै पनि माध्यमबाट आउनुहुँदैन । पछिल्लो समय युट्युब, फेसबुक, टिकटकजस्ता माध्यमबाट यस्ता सामग्री बग्रेल्ती आएको देखिन्छ । त्यसले कतिपयलाई अन्योलता थपी सिङ्गो सञ्चारजगत्माथि नै प्रश्न उठाउने गरी अविश्वसनीयता थप्दै आएको छ । त्यसतर्फ सञ्जाल प्रयोगकर्ता र सम्बद्ध पक्ष गम्भीर हुनुपर्छ ।

पत्रकारले प्रयोग गर्ने सञ्जालका सन्दर्भमा प्रेस काउन्सिल नेपालले पछिल्ला दिनहरूमा फरक अभ्यास गर्दै आएको छ । गलत, तथ्यहीन, आक्षेपपूर्ण र हिंसा भड्काउने खालका सामग्रीको प्रस्तुतिबाट सम्बन्धित पत्रकारको पेसा व्यवसायमै प्रत्यक्ष असर पर्ने भएकाले काउन्सिलले त्यसतर्फ निगरानी गर्दै आएको छ । पछिल्लो पत्रकार आचारसंहिताले गरेको व्यवस्था समेतलाई ध्यान दिई काउन्सिलले पत्रकारले सञ्जालमा पोष्ट गरेका आपत्तिजनक खालका सामग्रीका सन्दर्भमा चासो देखाउन थालेको हो । गलत विषयवस्तु र तस्बिर पोष्ट गर्न नहुने, मानवीय त्रुटीका कारण पोष्ट भएछ भने पनि हटाउनका लागि सम्बन्धित सञ्चारकर्मीसँग प्रत्यक्ष, अप्रत्यक्ष संवाद गर्ने, राय-सुझाव माग्ने सम्मका काम यो बिचमा भएका छन् । गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको चुनावका बेला यो अभ्यास थप प्रभावकारी बन्यो । पत्रकारलाई स्वच्छ, मर्यादित र सन्तुलित सामग्री पोष्ट गर्न, गराउनका लागि यस्तो अभियानले सहयोग पुऱ्याउनेछ । कस्ता सामग्री पोष्ट गर्न हुने, कस्ता नहुने भन्ने विषयमा यसले सजगतासमेत ल्याउँछ ।

त्यसबाहेक काउन्सिलले पत्रकारिताको सिद्धान्तभित्र रही सञ्चारकार्य गर्ने प्रतिबद्धता जनाएका युट्युब च्यानललाई सूचीकरण प्रकिया थाल्ने, आचारसंहिताबारे सचेतना कक्षा गराउने, पत्रकारिताको मूल्य, मान्यता, सिद्धान्तबारे अध्ययन र ध्यानाकर्षण गराउने काम पनि गर्दै आएको छ । सञ्चार माध्यमको दायराभित्र आउने युट्युबलाई आचारसंहिताको प्रावधानअनुसार नियमन गर्दै आएको छ । सञ्चार माध्यमका परिधिभित्र नपरेका च्यानलले आपत्तिजनक र अपाच्य हुने खालका सामग्री दिएको कतिपय सन्दर्भमा नेपाल प्रहरीको साइबर ब्यूरोबाट समेत अनुसन्धान र कारबाही हुँदै आएको छ । त्यसैले सामाजिक सञ्जाल प्रयोगकर्ता सबैले सकारात्मक भइ, देश, समाजको विकासका लागि यसको प्रयोग गर्नुपर्छ । दुरुपयोग नहोस् भन्नका लागि हरदम चनाखो हुनुपर्छ । एकपल्ट पोष्ट भएका कुनै गलत सामग्रीले इन्टरनेटको फैलावटका कारण अपूरणीय क्षति पुग्न सक्छ । त्यसबाट जोगिने भनेकै पोष्ट गर्नुअघि सजग हुनु हो ।

युट्युबसहितका सञ्जालको व्यवस्थापन र नियमनका विषयमा प्रेस काउन्सिल नेपालले विभिन्न कामहरू गर्दै आएको छ । कतिपय ऐन, कानुन बनाउनुपर्ने, भएका कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेतर्फ सरकारको समेत ध्यानाकर्षण गराउँदै आएको छ । मिडियाका विषयवस्तु बाहेकमा यस्ता सामाजिक सञ्जालको व्यवस्थापनका लागि बेग्लै स्वतन्त्र निकाय हुनु जरुरी छ । आमरूपमा प्रयोग हुने ती सञ्जालको दुरुपयोग हुन नदिन, भएमा के कस्तो कारबाही हुने भन्ने सन्दर्भमा यस्तो निकाय प्रभावकारी हुन सक्छ ।

***